नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

## परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

सानोठिमी, भक्तपुर

## SMS, IVR वा Website बाट (एसइइ २०७७) को नतिजाको जानकारी गराउने सम्वन्धी सूचना

सूचना प्रकाशित मिति-२०७८।०४।०४

राष्ट्रिय परीक्षा बोर्ड, माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइइ २०७७) को नतिजा सम्बन्धी विवरण परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त गरी SMS, IVR (टेलिफोन) र Website सेवाका माध्यमबाट जानकारी दिन चाहने इच्छुक संघ-संस्था वा कम्पनीले आफूले जानकारी दिन चाहेको सेवाको विवरण खोली तपसिल बमोजिम शर्तको अधीनमा रही मिति २०७८।०४।१० गतेभित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

- संघ, संस्था वा कम्पनी प्रचलित कानून बमोजिम दर्ता भएको हुनुपर्नेछ ।
- संघ, संस्था वा कम्पनी भ्याट प्यानमा दर्ता भएको हुनुपर्नेछ।
- निवेदन दिने संघ संस्थाले SMS वा IVR सेवाका लागि सेवा प्रदायक संस्थाले सेवाग्राही संख्या प्रमाणित गरीदिने बारेको प्रतिबद्धता पत्र समेत निवेदनसाथ संलग्न गर्नुपर्नेछ।
- SMS वा IVR प्रत्येक सेवाका लागि रु ५०,०००।– का दरले र Website सेवाका लागि रु १५,०००।– का दरले धरौटी राख्नु पर्नेछ।
- उक्त रकम यस कार्यालयको नाममा को.ले.नि.का. भक्तपुरकोमा रहेको धरौटी खाता नं ०१९०१००००२००३००००१ (नेपाल वैक लिमिटेड, कमलबिनायक, भक्तपुर) मा (कार्यालय कोड नं. ३५०३१३३०१) उल्लेख गरी जम्मा गर्नुपर्ने छ।
- सेवा उपलब्ध गराएबापत बुझाउनुपर्ने राजस्व दर कार्यालयबाट प्राप्त गर्न सकिनेछ।
- राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले नतिजा प्रकाशन गरेपछि मात्र नतिजा सम्बन्धी विवरण उपलब्ध गराइने छ ।
- नतिजा सम्बन्धी जानकारी दिने कार्य नतिजा प्रकाशन भएको मितिले एक महिनापछि सो सेवा अनिवार्य बन्द गर्नुपर्नेछ।
- विगतमा यस्तो सेवा उपलब्ध गराउन नतिजा सम्बन्धी विवरण प्राप्त गरेका संस्थाहरुले सेवाप्रदायक संस्थाबाट विवरण प्रमाणित गराई राजश्व रकम जम्मा गर्न बाँकी भएमा राजश्व रकम जम्मा गरेपछि मात्र निवेदन दिन सक्नेछन्।
- नतिजा सम्बन्धी विवरण उपलब्ध गराउने वा नगराउने अधिकार राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा रहनेछ।
- सेवा प्रदायक संस्थालाई मात्र **Website** मार्फत सेवा प्रदान गर्ने अनुमति दिइने छ।
- अन्य आवश्यक शर्तहरु सम्झौता पत्रमा उल्लेख भए वमोजिम हुनेछ।
- सेवा प्रदायक संघ-संस्था, कम्पनीले नेपाल सरकारलाई उपलब्ध गराउने राजश्व निवेदन दाखिला गर्न तोकिएको अन्तिम म्यादको भोलिपल्ट गतवर्षको दररेटमा कम नहुने गरी वार्ताबाट निर्धारण गरिनेछ। सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट गरिनेछ।
- विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा सम्पर्क गर्न सकिनेछ।

**नियन्त्रक**